विगत पाँच वर्षदेखि कृषकबाट

# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

**प्रदेश नं. २, नेपाल**

## सवारी साधन खरिदसम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशन मिति : २०७६/०६/२३ गते)*

यस कार्यालय प्रयोजनको लागि चालु आ.व. २०७६/०७७ मा २ थान सवारी साधन (Double Cabin भएको 4WD Pick up र 2WD SUV) स्वीकृत स्पेसिफिकेशन अनुसारको खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम रु. ३०००/- (तीन हजार) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ सवारी साधन खरिद बिक्री कारोवारका लागि स्वीकृती प्राप्त फर्म वा कम्पनीको नवीकरण गरिएको इजाजत प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन पेश गरेमा मिति २०७६/०७/२२ गते (8 Nov, 2019) सम्ममा कार्यालय समयभित्र यस गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी गरिएको बोलपत्र मिति २०७६/०७/२४ गते (10 Nov, 2019) गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित समयभित्र प्राप्त शिलबन्दी बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रसाथ कामको विवरणमा उल्लेख भए अनुसारको रकम धरौटी वापत यस कार्यालयको एभरेष्ट बैंक लि. पिपरा शाखामा रहेको हि.नं. ग ३ पिपरा गाउँपालिका ०६२००१०६२००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र खोल्ने दिनबाट १२० दिन म्याद रहेको सक्कलै बिड बन्ड पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, शिलबन्धी बोलपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५. बोलपत्र फाराम खरिद गर्ने, शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

६. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुर मा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

८. रित नपुगेको म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।

९. प्रचलित ऐन, नियम अनुसार सवारी साधनमा लाग्ने कर बोलपत्रदाता स्वयमले नै बेहोर्नु पर्नेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१२. यो सूचना पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको website: pipramun.gov.np मा हेर्न सकिनेछ ।

१३. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र फोन नं. ०४४-५४८०४७ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (मू.अ. कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|
| १. | ०१/२०७६/०७७ | Double Cabin भएको 4WD Pick up | रु. ३९,८३,३००।८९ | रु.१,१९,५००।०० |
| २. | ०२/२०७६/०७७ | 2WD SUV खरिद कार्य | रु. ३९,८३,३००।८९ | रु.१,१९,५००।०० |

प्रमुख प्रशासकिय अधिकृत